नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन)

चलानी नं.: ३२२
मितिः- २०७६/११/१८

विषयः- *वजेट कार्यान्वयन सम्वन्धमा ।*

श्री महाशाखाहरु, सबै, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री निजामती कर्मचारी अस्पताल विकास समिति, मिनभवन, काठमाण्डौ ।
श्री आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा, ललितपुर ।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, बबरमहल, काठमाण्डौ ।
श्री तराई-मधेश समृद्धि कार्यक्रम, सिंहदरवार, काठमाण्डौ ।
श्री आयोजना/कार्यक्रम सवै ।

प्रस्तुत विषयमा चालु आ.व. २०७६/०७७ को वजेट कार्यान्वयनको प्रथम अर्धवार्षिक समीक्षा भई बाँकी अवधिमा वजेट कार्यान्वयनलाई प्रभावकारी वनाई वजेटले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ । तसर्थ स्रोत तथा खर्च प्रणालीलाई मितव्ययी र नतिजामूलक वनाउन यस मन्त्रालय र अन्तर्गत निकायवाट तपसिल वमोजिमको व्यवस्था कार्यान्वयन गर्नु गराउनु हुन भनि अर्थ मन्त्रालयको च.नं. ५८४ मिति २०७६/११/०८ को पत्रवाट लेखि आएको हुँदा सोही वमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

*तपसिल*

१. आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ को उपदफा (३) को व्यवस्था बमोजिम दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने कार्यक्रम/आयोजनाको बजेट फाल्गुण मसान्त भित्रमा यस मन्त्रालयमा समर्पण गर्ने ।
२. आयोजना कार्यान्वयनलाई तीब्रता दिने जिम्मेवार सबै निकायहरुले स्पष्ट कार्ययोजना बनाई कार्यसम्पादन गर्ने ।
३. आयोजना/कार्यक्रमको हाल सम्पन्न कार्यबाट सिर्जित दायित्वको भुक्तानीलाई प्रथमिकता दिने । चालु आर्थिक बर्षमा सिर्जित दायित्व अर्को बर्षलाई जिम्मेवारी नसार्ने । यसै बर्ष भक्तानी दिने व्यवस्था मिलाउने ।
४. आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा ३ बमोजिम सम्पन्न कार्यको भुक्तानी रितपूर्वकको कागजात प्राप्त भएको १५ दिनभित्र गर्ने व्यवस्था मिलाउने ।
५. स्वीकृत कार्यक्रम तथा खरीद योजना बमोजिम फागुन मसान्तभित्र सबै प्रक्रिया पूरा गरी बाँकी रहेका ठेक्का सम्झौता सम्पन्न गरी कार्यादेश दिने ।
६. खर्चको लेखाङ्कन र प्रतिवेदन प्रणालीलाई यथार्थपरक बनाउन बैदेशिक सहायता अन्तर्गत सोझै भुक्तानी हुने र बस्तुगत सहायताको खर्चको विवरण सम्बन्धित आयोजना र दातृ निकायबाट लिई नियमित रुपमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्ने व्यवस्था मिलाई त्यसको अनुगमन गर्ने ।
७. सोधभर्ना लिन बाँकी रहेको रकम महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित मन्त्रालयको समन्वयमा फागुन मसान्तभित्र सोधभर्ना लिने व्यवस्था मिलाउने ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन) चलानी नं.: ३२२

८. मन्त्रालय/निकाय/आयोजनाहरु भित्र स्वीकृत बजेट भन्दा बाहिर विभिन्न कारणले सिर्जित दायित्व सम्भव भएसम्म आन्तरिक रुपमा बचत हुने रकमबाट व्यवस्थापन गर्ने । यसका लागि आवस्यकतानुसार रकमान्तर र स्रोतान्तरको प्रस्ताव गर्ने ।

९. अत्यावश्यक बाहेकका सभा, गोष्ठी, सेमिनाँर, भ्रमण, अध्ययन, अवलोकन, तालिम जस्ता कार्यक्रमहरु तेस्रो चौमासिकमा सञ्चालन नगर्ने ।

१०. दोस्रो चौमासिकसम्म पनि सम्भौता गरी निकास नलिएका अनुदान तेस्रो चौमासिकमा निकासा नदिने ।

११. बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याकन प्रणालीलाई प्रभावकारी बनाई कार्यान्वयनमा देखिएका समस्या तत्काल समाधान गर्ने ।

१२. बजेट कार्यान्वयनमा अन्तरनिकाय समन्वय, सहजिकरण र सहयोग सुनिश्चित गर्ने ।

१३. अर्थ मन्त्रालयको पूर्व सहमति बिना कुनै पनि निकायले थप आर्थिक दायित्व सिर्जना नगर्ने । सहमति विनाको निकासा दिन अर्थ मन्त्रालय बाध्य नहुने ।

१४. आयोजनाको लागि प्राप्त गरिने जग्गा अधिक मूल्याङ्कन गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने । आवश्यक परिमाणमा मात्र जग्गा प्राप्त गर्ने/लिने व्यवस्था गर्ने ।

(गोविन्द के.सी.)
**शाखा अधिकृत**

*बोधार्थ:*

श्री सूचना तथा प्रविधि शाखा
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः

मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।